# कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग अर्न्तगत

स्नातकोत्तर तह दोस्रो वर्षको

पाठ्यांश नेपा.शि.(५९८)

प्रयोजनका लागि

प्रस्तुत

**शोधपत्र**


सुमित्रा पोखरेल

परीक्षा रोल नं.:२१४००५२

शैक्षिक वर्ष : २०७१/७२

त्रि.वि.दर्ता नं : ९-२-७३७-११५-२०१०



सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

सुन्दरहरैँचा, मोरङ ।


२०७८/२०२२

## प्रतिबद्धता

प्रस्तुत 'कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकको शोधपत्र मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यसमा संलग्न गरिएका तथ्याङ्कहरू यथार्थ र वास्तविक छन् । यस शोधपत्रमार्फत कोही र कसैमाथि पर्न जाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

.............................

सुमित्रा पोखरेल

एम.एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षण विभाग

मिति : २०७९/०२/३०

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय,सुकुना बहुमुखी क्याम्पस,सुन्दरहरैँचा, मोरङको नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तहका लागि शोधकर्ता सुमित्रा पोखरेलले शोधपत्र लेखन (नेपाली शिक्षा ५९८) को पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत गर्नुभएको**कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारकोअध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । अतः प्रस्तुत शोधपत्र सम्बन्धित प्रयोजनका लागि उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.............................

दीपक गौतम

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

सुन्दरहरैँचा, मोरङ

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय,सुकुना बहुमुखी क्याम्पस,सुन्दरहरैंचा, मोरङको नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तहका लागि शोधकर्ता सुमित्रा पोखरेलले शोधपत्र लेखन (नेपाली शिक्षा ५९८) को पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत गर्नुभएको**कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन** शीर्षककोशोधपत्र शिक्षा शास्त्र सङ्काय नेपाली शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधप्रस्ताव मूल्याङ्कन समिति**

विभागीय प्रमुख : उमानाथ भट्टराई हस्ताक्षर................................

शोधनिर्देशक : दीपक गौतम हस्ताक्षर................................

बाह्य-परीक्षक : ...................................... हस्ताक्षर................................

बाह्यपरिक्षण मिति : वि.सं. :२०७९/०३/

सन् : २०२२ जुलाई

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा मोरङ, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड) नेपाली विषय नेपा. शि. ५९८ को प्रयोजनका लागि "कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन" शीर्षकमा यो शोधपत्र तयार पारिएको हो ।

प्रस्तुत शोधकार्य लेखनका क्रममा मैले आफ्नो अध्ययनलाई गौण राख्दै विभिन्न विद्वान् वर्गहरूको सुझाव तथा सहयोगलाई प्रमुख स्थान दिएकी छु । शोध शीर्षक चयनदेखि शोधपत्रले पूर्णता पाउँदासम्म निरन्तर रूपमा गुरुहरूको सुझाव र निर्देशनको पालना समेत गरेकी छु । शोधपत्र लेखनका क्रममा उत्साह बर्द्धक रूपमा प्रेरणा, आवश्यक निर्देशन, सुझाव र सहयोग प्रदान गर्नुहुने आदरणीय गुरु एवम् शोध निर्देशक दीपक गौतमप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । सोही कार्यमा महत्त्वपूर्ण सुझाव र सहयोग पुऱ्याउनु हुने आदरणीय गुरु उमानाथ भट्टराईप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी शोधपत्र तयारीका क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग, सल्लाह, प्रेरणा, उत्साह र मूल्याङ्कनको कममा सुझाव प्रदान गर्नु हुने अन्य गुरुहरुप्रति पनि चिरऋणी छु । गुरुहरुको अमूल्य समय र पथप्रदर्शन, सुझाव तथा सहयोगको लागि पुनः हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मेरो स्नातकोत्तर तह सम्मको अध्ययनमा हरतरहले साथ, सहयोग र उर्जा प्रदान गरिदिनुहुने माता दुर्गा पोखरेल, पिता कपिलमणि पोखरेल, प्रस्तुत शोधपत्र लेखनका कममा आवश्यक सहयोग पुऱ्याउनुहुने मेरा आदरणीय दाजु राजु पोखरेल र प्रिय बहिनी शशी पोखरेललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । त्यसैगरी यस शोधपत्रलाई छिटो र यथाशक्य शुद्धसँग कम्प्युटर टाइप गरी कुशलताका साथ सम्पन्न गरिदिनु भएकामा मेरा जीवनसाथी लोचन भट्टराईलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अध्ययनको सुनौलो अवसर प्रदान गरी ज्ञान दिनुहुने सुकुना बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय नेपाली विभाग र त्रिभुवन विश्वविद्यालय परिवार प्रति पनि आभारी छु ।

सुमित्रा पोखरेल

२०७९ असार

# शोधसार

प्रस्तुत अध्ययन कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनको उद्देश्य कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारको पहिचान गर्नु, स्रोत, पदवर्ग, बनोट प्रक्रिया, गणना र आवृत्ति पत्ता लगाउनु रहेको छ । यस शोधकार्यको अध्याय एकमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व, अध्ययनको परिसीमा र पारिभाषिक तथा प्राविधिक शब्दहरूको उल्लेख गरिएको छ । त्यस्तै अध्याय दुईमा सैद्धान्तिक साहित्यको पुनरवलोकन, सम्बन्धित साहित्यको पुनरवलोकन, पुनरवलोकनको उपादेयता, सैद्धान्तिक ढाँचा र अवधारणात्मक ढाँचाको उल्लेख गरिएको छ । सम्बन्धित साहित्यको पुनरवलोकन अन्तर्गतसात ओटा शोधग्रन्थहरूलाई पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणात्मक ढाँचाका रूपमा प्रस्तुत गरिएको छ । अध्याय तीनअन्तर्गत प्रस्तुत शोधकार्यको अध्ययन ढाँचा, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका साधन र तरिका, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्योङ्कको व्याख्या तथा विश्लेषण प्रक्रियाको उल्लेख गरिएको छ । यसैगरी अध्याय चारमा तीनओटै कविता विधामा प्रयुक्त शब्दहरूलाई पदवर्ग, स्रोत, आवृत्ति, र बनोटका आधारमा वर्गीकरण गरी तुलना गरिनुका साथै वृत्तचित्रमा समेत देखाइएको छ । त्यसैगरी अध्याय पाँचको पहिलो भागमा निष्कर्ष राखिएको छ भने दोस्रो भागमा सुझाव समेटिएको छ । सुझावमा नीतिगत तहका लागि, अभ्यास तहका लागि र अनुसन्धान तहका लागि सुझावहरू दिएर अध्ययनलाई अन्त्य गरिएको छ ।

यस अध्ययनबाट प्राप्त निष्कर्षहरू निम्नअनुसार रहेका छन् :

१. तीनओटै कविता विधामा नाम वर्गका शब्दहरूको बाहुल्य रहेको छभने नामयोगी, संयोजक, र निपात वर्गका शब्दको न्यून प्रयोग रहेको र विस्मयादिबोधकशब्दको प्रयोग नरहेको पाइन्छ ।

२. तीनओटै कविता विधामा तद्भव शब्दको बाहुल्य रहेको छ भने आगन्तुक र अनुकरण मूल शब्द न्यून रहेका छन् ।

३. आवृत्तिका दृष्टिले आवृत्त भन्दा अनावृत्त शब्द धेरै रहेका छन् ।

४. तीनओटै कवितामा मूल शब्द भन्दा व्युत्पन्न शब्द बढी रहेका छन् ।

# विषयसूची


| क.सं. शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|
| आवरण पृष्ठ | क |
| प्रतिबद्धता | ख |
| शोध निर्देशकको सिफारिस पत्र | ग |
| स्वीकृति पत्र | घ |
| शोधसार | ङ |
| कृतज्ञता | च |
| विषयसूची | छ |
| तालिका सूची | झ |

**अध्याय एक**

**परिचय**

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याकथन | २ |
| १.३ अध्ययनको उद्देश्य | ३ |
| १.४ अध्ययनको महत्व | ४ |
| १.५ अध्ययनको परिसीमा | ४ |
| १.६ पारिभाषिक तथा प्राविधिक शब्दहरू | ६ |

**अध्याय दुई**

**सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणत्मक ढाँचा**

| | |
|---|---|
| २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन | ७ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | ८ |
| २.३ पुनरवलोकनको उपादेयता | ११ |
| २.४ सैद्धान्तिक ढाँचा | ११ |
| २.५ अवधारणात्मक ढाँचा | १३ |

## अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया


३.१ अध्ययनको ढाँचा १४

३.२ अध्ययनको क्षेत्र १४

३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका १४

३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया १५

३.५ तथ्याङ्क व्याख्या तथा विश्लेषण प्रक्रिया १५


## अध्याय चार

## व्याख्या र विश्लेषण


४.१ परिचय १६

४.२ 'सन्तुष्टि' कवितामा प्रयुक्त शब्दभण्डारको विश्लेषण १७

४.३ 'वर्षा' कवितामा प्रयुक्त शब्दभण्डारको विश्लेषण २८

४.४ 'म सडक बोल्दै छु' कवितामा प्रयुक्त शब्दभण्डारको विश्लेषण ४२

४.५ कविताको संयुक्त अध्ययन ५२


## अध्याय पाँच

## निष्कर्ष र सुझाव


५.१ निष्कर्ष ५५

५.२ सुझाव ५७

सन्दर्भ सामग्री

# तालिका सूची


तालिका नं. १ सन्तुष्टि कवितामा पदवर्गका आधारमा शब्दहरूको विश्लेषण २४

तालिका नं. २ सन्तुष्टि कवितामा स्रोतका आधारमा शब्दहरूको विश्लेषण २६

तालिका नं. ३ सन्तुष्टि कवितामा बनोटका आधारमा शब्दहरूको विश्लेषण २७

तालिका नं. ४ सन्तुष्टि कवितामा आवृत्तिका आधारमा शब्दहरूको विश्लेषण २८

तालिका नं. ५'बर्षा' कवितामा पदवर्गका आधारमा शब्दहरूको विश्लेषण ३७

तालिका नं. ६ 'बर्षा' कवितामास्रोतका आधारमा शब्दहरूको विश्लेषण ३९

तालिका नं. ७ 'बर्षा' कवितामा बनोटका आधारमा शब्दहरूको विश्लेषण ४०

तालिका नं. ८ 'बर्षा' कवितामा आवृत्तिका आधारमा शब्दहरूको विश्लेषण ४१

तालिका नं. ९'म सडक बोल्दै छु' कवितामा पदवर्गका आधारमा शब्दको विश्लेषण ४८

तालिका नं. १०'म सडक बोल्दै छु' कवितामा स्रोतका आधारमा शब्दको विश्लेषण ५०

तालिका नं. ११'म सडक बोल्दै छु' कवितामाबनोटका आधारमा शब्दको विश्लेषण ५१

तालिका नं. १२'म सडक बोल्दै छु' कवितामाआवृत्तिका आधारमा शब्दको विश्लेषण ५२

तालिका नं. १३ पदवर्गका आधारमा कवितामा प्रयुक्त शब्दहरूको विश्लेषण ५२

तालिका नं. १४स्रोतका आधारमाकवितामा प्रयुक्त शब्दहरूको विश्लेषण ५३

तालिका नं. १५बनोटका आधारमा कवितामा प्रयुक्त शब्दहरूको विश्लेषण ५३

तालिका नं. १६आवृत्तिका आधारमा कवितामा प्रयुक्त शब्दहरूको विश्लेषण ५४

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय सञ्चारको महत्त्वपूर्ण साधन हो । मानवीय अनुभूति, मुल्य वा मान्यता आदिको अभिव्यक्तिका लागि यसको प्रयोग गरिन्छ । मानवीय भाषाको प्रयोगमा शब्दले आधारभूत भूमिका खेलेको हुन्छ । शब्दले भाषालाई अर्थयुक्त र सम्प्रेषणयुक्त बनाउने काम गर्छ ।

शब्द व्याकरणिक श्रेणीका दृष्टिले रूपभन्दा माथिल्लो र पदभन्दा तल्लो एकाइ हो भने भाषिक सञ्चार (मौखिक र लिखित) का दृष्टिले अधारभूत एकाइ हो । विचार विनिमयका क्रममा शब्द वा शब्द निर्मित वाक्यको प्रयोग हुने हुँदा यसलाई भाषिक सञ्चारको आधारभूत एकाइ मानिएको हो । (भुसाल, २०७४: १४४)

शब्दभण्डारको ऐतिहासिक विकासक्रमलाई पहिल्याउँदै जाँदा शब्दकोश निर्माणको विकासक्रमसम्म पुग्नुपर्ने हुन्छ । नेपाली कोश निर्माण परम्परा नेपाली भाषाका वक्ताहरुसँग अङ्ग्रेजीको सम्पर्क हुन थालेपछि सुरु भएको पाइन्छ । समग्र शब्दकोश लेखनमा सर्वप्रथम कार्य गर्ने व्यक्ति बेलायती कुटनीतिज्ञ डब्लु.जे. कर्कप्याट्रिक हुन् । (लामिछाने र अन्य, २०६९: ३०८) वि.सं. १९६८ मा कर्कप्याट्रिकको नेपाल अधिराज्यको विवरण (An Account of the Kingdom of Nepal) नामक कृति प्रकाशन भएको पाइन्छ र यो नै नेपाली कोश निर्माण परम्पराको आरम्भ रहेको पाइन्छ । त्यसपछि डेनियल राइटको ‘हिस्ट्री अफ नेपाल’ तथा पादरी टर्नबुलको ‘नेपाली व्याकरण र शब्दावली’ नेपाली कोश निर्माण परम्पराको प्रारम्भमा उल्लेख्य कृति मानिन्छ ।

नेपाली शब्दकोशको लेखनको थालनी विदेशी विद्वान्हरूबाट भएको भए पनि स्वदेशी विद्वान्हरूबाट यसले निरन्तरता पाएको देखिन्छ । भाषा सङ्ख्या, समय र प्रकृति आदिका आधारमा शब्दकोशलाई एकभाषी, द्विभाषी तथा बहुभाषी गरी तीन भागमा विभाजन गर्न सकिन्छ । एकभाषी नेपाली कोश परम्परा जयपृथ्वीबहादुर सिंहको प्राकृत भाषाकोश (वि.सं. १९६८-६९) बाट प्रारम्भ भएको पाइन्छ । त्यसपछि चक्रपाणि चालिसेको

'नेपाली बगली कोश' (वि.सं. १९८८) एकभाषी कोश निर्माण परम्पराको महत्त्वपूर्ण उपलब्धि मानिन्छ ।

अन्य केही एकभाषी कोशहरूमा रामचन्द्र ढुङ्गानाको 'संक्षिप्त नेपाली शब्दकोश' (वि.सं. २००७), बालचन्द्र शर्माको 'नेपाली शब्दकोश' (वि.सं. २०१९), हर्षनाथ शर्माको 'बृहत् नेपाली शब्दकोश' (वि.सं. २०५३), 'संक्षिप्त नेपाली राष्ट्रिय शब्दकोश' (वि.सं. २०५५), वसन्त कुमार शर्माको 'नेपाली शब्दसागर' (वि.सं. २०५७), हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको 'प्रयोगात्मक नेपाली शब्दकोश' (वि.सं. २०६१) आदि रहेका छन् । यी विविध नेपाली शब्दकोशले नेपाली भाषाको शिक्षण सिकाइमा सहयोग पुऱ्याएको देखिन्छ ।

शब्दभण्डार भन्नाले व्यक्तिमा सङ्गृहीत शब्दगत क्षमता भन्ने बुझिन्छ । शब्दभण्डार शिक्षणले सिकारुमा विभिन्न किसिमका सक्रिय, निष्क्रिय एवम् संरचनात्मक शब्दहरूको ग्रहण क्षमताको विकासमा सहयोग गर्दछ । शब्दभण्डार शिक्षणमा व्यवहारवादी सिद्धान्तको प्रयोग गरिन्छ । सिकारुमा शब्दार्थ र त्यसको उपयुक्त प्रयोग क्षमता वृद्धि भएमा मात्र शब्दभण्डार क्षमतामा वृद्धि हुन्छ । यसका लागि पाठ्यपुस्तकमा प्रयुक्त शब्दहरूलाई बढी भन्दा बढी व्यवहारमा प्रयोग गरी शिक्षण गर्नु आवश्यक हुने गर्दछ । भूल र प्रयत्नको सिद्धान्तमा आधारित भई शिक्षण गर्दा प्रभावकारी हुने भएकाले शब्दभण्डार शिक्षण व्यवहारवादी सिद्धान्तमा आधारित रहेको हुन्छ ।

शब्द भाषाको आधारभूत एकाइ हो । सामान्य भाषिक व्यवहारका लागि शब्दको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शब्दार्थको पहिचान गरी व्यवहारमा प्रयोग गर्नका लागि शब्दभण्डार क्षमताको विकास हुनु आवश्यक छ । शब्दभण्डार क्षमताको विकास न्यून भएमा शब्दार्थ क्षमता कमजोर भई सामान्य भाषिक व्यवहार जटिल बन्न पुग्छ । यस शोधकार्यमा पनि पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं.२०७४ मा लागु गरिएको कक्षा १० को पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन गरिएको छ ।

### १.२ समस्याकथन

कथा, निबन्ध, जीवनी आदि विधाहरू भन्दा फरक विधाको रुपमा कविता विधालाई लिइन्छ । कविता विधाका माध्यमबाट विद्यार्थीहरूको पद्यात्मक तथा गद्यात्मक अभिव्यक्तिका

साथै भाषाका चारैओटा (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) विकास गर्नु मुख्य उद्देश्य रहेको पाइन्छ । माध्यमिक शिक्षा (कक्षा ९ र १०) को पाठ्यक्रम (२०७१ वि.सं.) वि.सं. २०७२ सालमा प्रकाशित भएको हो । यही पाठ्यक्रमका आधारमा वि.सं. २०७४ मा कक्षा - १० को नेपाली पाठ्यपुस्तक पहिलो संस्करण प्रकाशित भएको पाइन्छ । यसै पाठ्यपुस्तकको पछिल्लो संस्करण (२०७६) मा तीनओटा कविता विधा समावेश गरिएको पाइन्छ ।

कक्षा - १० को पाठ्यपुस्तकमा रहेका तीनओटा कविता विधाहरूमा विद्यार्थीहरूको उमेर, स्तर, क्षमता अनुरूप शब्दभण्डार समावेश गरिएको छ कि छैन ? विद्यार्थीका लागि प्रस्तुत शब्दभण्डारले के कस्ता भाषिक सिप हासिल गर्न सक्छ ? पाठ्यक्रमले निर्देशन गरेका भाषिक सिप उद्देश्यहरू पुरा गर्न ती शब्दभण्डारहरू सक्षम छन् वा छैनन् जस्ता समस्याहरूको उत्तर खोज्ने काम आजसम्म नभएको देखिन्छ । प्रस्तुत शोधकार्य कक्षा - १० को लागि नेपाली कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययनसम्बन्धी निम्न समस्यामा केन्द्रित रहेको छ :

- कक्षा - १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कवितामा के-कस्ताशब्दहरू रहेका छन् ?
- उक्त कविताभित्र समाविष्ट शब्दका स्रोतहरू कुन-कुन रहेका छन् ?
- कविताभित्र समाविष्ट शब्दहरू कुन-कुन पदवर्गका हुन् र तिनीहरूको बनोट प्रक्रियाकस्तो रहेको छ ?
- कविताभित्र समाविष्ट शब्दहरूको बनोट प्रक्रिया कस्तो रहेको छ ?
-शब्दको गणना र आवृत्ति व्यवस्था कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनमा कविता विधामा समाविष्ट शब्दभण्डारको अध्ययन गर्न निम्न उद्देश्यहरू राखिएको छ :

- कक्षा - १० को नेपाली पाठ्यपुस्तकभित्र रहेका कविता विधामा प्रयुक्त शब्दभण्डारको पहिचान गर्नु ।
-समाविष्ट शब्दहरूको स्रोत पत्ता लगाउनु ।
- कविताभित्र रहेका शब्दहरूको पदवर्ग र बनोट प्रक्रिया पत्ता लगाउनु ।
- कविताभित्र रहेका शब्दको गणना र आवृत्ति पत्ता लगाउनु ।

## १.४ अध्ययनको महत्त्व

भाषा शिक्षणमा शब्दभण्डार शिक्षणको विशेष महत्त्व रहेको हुन्छ । शब्द भाषाको स्वतन्त्र एवम् अर्थपूर्ण भाषिक एकाइ हो । भाषामा शब्दभन्दा माथिल्ला एकाइहरू पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, परिच्छेद तथा सङ्कथनमा शब्दको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको विकास गर्नका लागि यिनै भाषिक एकाइहरूको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको शिक्षण आवश्यक हुने गर्छ । भाषाकै माध्यमबाट विचारको ग्रहण र सम्प्रेषण गर्न सकिने भएकाले भाषाको महत्त्वपूर्ण एकाइ शब्द र शब्दभण्डारको शिक्षण अत्यन्तै महत्त्वपूर्ण विषय हो ।

साहित्यका विभिन्न विधाहरू कविता, निबन्ध आदिका माध्यमबाट कलात्मक रूपमा भाषाको सम्प्रेषण गर्न शब्दभण्डारको अहम् भूमिका रहेको हुन्छ । विद्यार्थीहरूमा शब्दभण्डार क्षमता निम्न भए त्यसले भाषिक सम्प्रेषणमा प्रत्यक्ष अवरोध सिर्जना गर्दछ । शब्दभण्डार शिक्षण गर्दा विद्यार्थीको रुचि, उमेर, स्तर र आवश्यकतालाई मध्यनजर गरी सोही अनुसारका पाठ्यसामग्री व्यवस्थित ढङ्गले प्रयोग गर्न सकेको खण्डमा मात्र सिकाइ प्रभावकारी बन्दछ । विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको विकास भएमा मात्र भाषाको सुव्यवस्थित प्रयोग हुन गई भाषिक सञ्चारमा सरलता ल्याउन सकिन्छ । यसर्थ भाषा सिकाइका क्रममा शब्दभण्डार शिक्षणको विशेष महत्त्व रहेको हुन्छ ।

शब्दभण्डारको अध्ययनबाट पाठ्यक्रम निर्मातालाई पाठ्यक्रम निर्माण, सुधार एवम् परिमार्जन गर्न सहयोग पुग्दछ । पाठ्यपुस्तक लेखनलाई प्रभावकारी बनाउन र विषयवस्तु अनुसारको शब्द छनोट गर्ने, शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित बनाउने जस्ता कार्यमा सहयोग पुग्ने हुँदा यस शोधकार्यको उपयोगिता रहेको छ । शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखन एवम् अध्ययन अनुसन्धानकर्ताका लागि शब्दभण्डारसँग सम्बन्धित शोधकार्य उपयोगी हुनेछ ।

## १.५ अध्ययनको परिसीमा

कुनै पनि विषयवस्तुको खोज तथा अनुसन्धान गर्नका लागि सीमा निश्चित गर्नुपर्ने हुन्छ । यसो नगरे एउटै विषयवस्तुको अध्ययन गर्नका लागि पनि धेरै भन्दा धेरै समय लाग्ने र अध्ययन अव्यवस्थित र बोझिलो हुने हुन्छ । अनुसन्धानात्मक कार्य प्राविधिक कार्य

भएकाले अध्ययनमा धेरै क्षेत्र समेट्न सम्भव हुँदैन । त्यसैले अध्ययनको विषयलाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ ।

प्रस्तुत शोधपत्र माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ र १०) लाई आधार मानी साझा प्रकाशनको समन्वयमा पाठ्यक्रम विकास केन्द्रले स्वीकृत प्रदान गरेको कक्षा - १० को पाठ्यपुस्तकमा समाविष्ट तीनओटा कविता विधामा प्रयुक्त शब्दभण्डारसँग मात्र सीमित रहने छ । यस अध्ययनलाई निम्न लिखित सीमामा रहेर अध्ययन गरिएको छ :

- प्रस्तुत अध्ययन कक्षा - १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट तीनओटा कविता विधाको शब्दभण्डारसम्बन्धी अध्ययनमा सीमित रहेको छ ।
- शब्दहरूको अध्ययन, स्रोत, पदवर्ग र बनोट प्रक्रियाको अध्ययन मात्र गरिएको छ ।
- समाविष्ट शब्दहरूको आवृत्तिको अध्ययन गरिएको छ ।
- अध्ययनमा शब्दहरूको सङ्ख्या र तिनको अनुपात देखाइएको छ ।
- कविताबाट सङ्कलित शब्दहरूलाई वर्णानुक्रम तालिकामा देखाइएको छ ।
- अध्ययनमा अन्य विधा र अभ्यास खण्डलाई समावेश गरिएको छैन ।

**१.६ पारिभाषिक तथा प्राविधिक शब्दहरू :**

सञ्चार - कुनै बस्तु एक ठाँउबाट अर्को ठाँउमा लैजाने वा पठाउने काम ।

सम्प्रेषण - एक ठाउँ वा एक व्यक्तिबाट अर्को ठाउँ वा व्यक्तिकहाँ कुनै समाचार, विचार, रोगाणु वा अन्य कुनै कुरा पठाउने काम, स्थान्तरित गर्ने काम ।

विनिमय - एक बस्तु दिएर अर्को वस्तु लिने काम, साटफेर ।

शब्दकोश - कुनै भाषाका शब्दहरूको वर्णक्रमअनुसार शब्द सङ्कलन गरी व्याकरणात्मक कोटी आदि अनुसार खुलाएर उही वा अन्य भाषामा अर्थ, पर्याय, विशेषता आदि लेखिएको ग्रन्थ अभिधान ।

पाठ्यक्रम - पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वापरक्रम ।

पाठ्यपुस्तक - विद्यालय एवं विद्यापीठहरूमा विद्यार्थीहरूले औपचारिक तवरले पढ्नुपर्ने पुस्तक ।

विधा - काव्य वा साहित्यमा प्रचलित खासखास विषय, प्रकार वा किसिम ।

शोधपत्र - शोध निर्देशकका निर्देशनमा रहेका शोधार्थीले कुनै विषयमा आफ्नो शोधकार्य पूरा गरी तयार पार्ने गहन लेख वा पत्र ।

अनुसन्धान - कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम, अन्वेषण ।

शिक्षण - शिक्षा दिने वा ज्ञानआर्जन गराउने काम, अध्यापन ।

भाषा - मनका भाव या विचार अरूछेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह, आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनिसमूह, वाणी, बोली ।

शब्द - अनुभूत विषयवस्तुलाई व्यक्त गरिने वर्णात्मकवा ध्वन्यात्मक ध्वनि आवाज ।

तथ्याङ्क - वास्तविकतामा आधारित अङ्क वा हिसाव ।

एकाइ - कुनै राशिलाई साना साना अंशमा बाँड्दा बनेको वा समूहभित्र रहेको एउटा सानो तर पूर्ण खण्ड ।

टङ्कण - टाइपराइटरले कागजमा अक्षर छाप्ने काम, धातुका पानामा नाँउ वा बुट्टाहरू खोप्ने काम ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणत्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

भाषाको शिक्षण एवम् सिकाइका सन्दर्भमा व्यवहारवाद, अनुभववाद एवम् मनोभाषा विज्ञानसम्बन्धी विविध सिकाइका सिद्धान्तहरू रहेका पाइन्छन् । जसमध्ये व्यवहारवादी सिद्धान्तले भाषाको प्रयोग पक्षमा जोड दिने हुनाले भाषा शिक्षणमा व्यवहारवादी सिद्धान्त नै बढी उपयोगी हुने देखिन्छ ।

ज्ञान विज्ञानका अन्य विषय क्षेत्र जस्तै भाषिक सिपमा दक्षता हासिल गर्नका लागि अभ्यास र पुनरावृत्तिको भूमिका अत्यन्तै महत्त्वपूण हुन्छ । अन्य विषयका तुलनामा भाषा शिक्षणमा 'गरेर सिक्ने' सिद्धान्तको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । अतः भाषाका विद्यार्थीलाई विद्यालय तथा घरमा निरन्तर अभ्यास र पुनरावृत्तिमा लगाइरहनुपर्दछ । (ढुङ्गेल र दाहाल, २०६८ : ५)

भाषा शिक्षणमा भाषा शिक्षणका सिद्धान्तहरूलाई आत्मसात् गरी भाषिक सिपहरूको विकास गर्ने उद्देश्य राखिन्छ । त्यसर्थ यसमा अभ्यास र पुनरावृत्ति, वैयक्तिक भिन्नता, स्तरीयता र क्रमबद्धता, कक्षा सहभागिता, पूरक सामग्रीको प्रयोग, शिक्षण प्रक्रियामा विविधता, रुचिपूर्णता जस्ता सिद्धान्तहरूको प्रयोग गरी भाषिक सिप सिकाउने कुरालाई महत्त्वपूर्ण स्थान दिइन्छ । (लामिछाने र अन्य, २०६९ : १५)

भाषा शिक्षणमा अभ्यासको सर्वाधिक महत्त्व हुन्छ । भाषा शिक्षण र अभ्यासलाई एक अर्काको पूरक भने पनि हुन्छ । भाषा भनेको ज्ञान कम तर कला सिप बढी भएकाले तिनलाई प्राप्त गर्न अभ्यासको निकै ठुलो भूमिका हुन्छ । अभ्यास जति गऱ्यो कला र सिप त्यति नै निखारिएर आउँछ । यसर्थ भाषा शिक्षणमा अभ्यासलाई केन्द्रबिन्दु बनाएर त्यसै अनुरूपको शिक्षण कार्यक्रम सञ्चालन गरिन्छ । भाषा शिक्षण गर्दा सालाखाला श्रुति र वाक्लाई २० प्रतिशत, पठन र लेखनलाई ४० प्रतिशत र व्याख्या विश्लेषणलाई ४० प्रतिशत समय विभाजन गरेर अभ्यासकेन्द्री गतिविधिहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ तर

प्रारम्भिक कक्षाहरूमा बोध र अभिव्यक्तिका मौखिक अभ्यासलाई अधिक समय दिनु वाञ्छनीय मानिन्छ । (शर्मा र पौडेल, २०७० : २)

व्यवहारवादी सिद्धान्तले भाषासिकाइमा अभ्यास वा पुनर्बललाई महत्वपूर्ण ठान्दछ । यसले भाषा सिकाइलाई इन्द्रियजन्य अनुभव मान्दछ । बालकले जन्मँदा खाली मस्तिष्क लिएर आएको हुन्छ; अनुभव तथा व्यवहारबाट भाषा सिक्दै जान्छ र यस्तो भाषा सिकाइ नियन्त्रित वातावरणमा हुन्छ भन्ने मान्यता व्यवहारवादीहरूको छ । यसले भाषा सिकाइलाई बानी निर्माण वा आदतका रूपमा हेर्दछ । यसमा आगमनात्मक प्रकृतिको शिक्षणविधि प्रयोग गरिन्छ । उत्तेजना, प्रतिक्रिया, पुनर्बल, पुनरावृत्ति, अभ्यास आदि भाषा शिक्षणका प्रक्रियाहरू हुन् । यिनै प्रक्रियाहरू पुरा गरी भाषा सिकाइ सम्पन्न हुन्छ । (भण्डारी र पौड्याल, २०७० : १३५)

भाषा शिक्षणका सन्दर्भमा बोध र अभिव्यक्तिको प्रक्रिया अँगालिन्छ । आफ्ना कुरा ( लिखित र मौखिक) अरूलाई बुझाउँदै र अरूका कुरा आफूले ग्रहण गर्दै जानुपर्छ । यसका निम्ति भाषा शिक्षणमा शिक्षक- विद्यार्थी दुवैमा शब्दभण्डारको आवश्यकता पर्दछ । शिक्षकले आफ्नो शिक्षणकलामा अपेक्षित विकास गर्न र शिक्षार्थीले आफ्नो अध्ययनलाई प्रभावकारी तुल्याई अन्योलता समाप्त गर्न शब्दकोशको उपयोग गर्नु जरुरी छ । (पोखरेल र काफ्ले, २०७४ : १६४)

अत : शब्दभण्डार शिक्षण भाषिक सिपको शिक्षण अन्तर्गत पर्ने भएकाले यसको शिक्षणका लागि व्यवहारवादी सिद्धान्तको उपयोग गरी अभ्यास र पुनरावृत्तिलाई जोड दिएको खण्डमा मात्र शिक्षण सिकाइ विश्वसनीय र प्रभावकारी बन्ने देखिन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

कक्षा १० को नेपाली भाषा पाठ्यपुस्तकमा रहेका कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकमा भएको समस्यासँग मिल्ने आधिकारिक साहित्यको पुनरवलोकन गर्ने प्रयास गरिएको छ ।

भट्टराई (२०६०) द्वारा कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकमा शोध कार्य भएको पाइयो । मूलतः पुस्तकालय विधि र पाठ्यपुस्तक विधिमा केन्द्रित रहेको उक्त शोध कार्यमा पाठमा नाम वर्गका शब्दहरू बढी र

क्रियाविशेषण शब्दहरू कम भएको, तत्सम र तद्भव शब्दमा खासै अन्तर नदेखिएको तर आगन्तुक शब्दको सङ्ख्या भने कम रहेको निष्कर्ष निकालिएको छ ।

दुवाडी (२०६२) द्वारा कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन शीर्षकमा शोध कार्य गरिएको पाइयो । उक्त अध्ययन शब्दभण्डारलाई स्रोत, पदवर्ग, बनोट र आवृत्तिका आधारमा विश्लेषण गर्ने र शब्दहरूको गणना गरी आवृत्ति निर्धारण गर्ने जस्ता उद्देश्यहरूमा केन्द्रित रहेको पाइयो । प्रस्तुत अध्ययनमा संरचनाका दृष्टिले मानक व्याकरणसँग मेल नखाने शब्दहरू पनि देखिन्छन् भन्ने निष्कर्ष निकालिएको छ ।

ढुङ्गेल (२०६३) द्वारा 'काठमाडौँ उपत्यकाका कक्षा पाँचमा अध्ययनरत सरकारी तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता तुलना गर्नुका साथै लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा शब्दभण्डार क्षमताको तुलना गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । समग्रमा सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमतालाई तुलना गर्दा निजी विद्यालयका विद्यार्थीहरूको शब्दभण्डार क्षमता बढी रहेको र लिङ्गगत र भाषिक पृष्ठभूमिका आधारमा दुवै विद्यालयका विद्यार्थीहरूमा समानता रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०६८) द्वारा 'कक्षा - १० को नेपाली पाठ्यपुस्तकमा रहेको जीवनी विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोध कार्य गरिएको पाइन्छ । शब्दको स्रोत, बनोट, वर्ग र आवृत्तिका आधारमा वर्गीकरण र विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको उक्त अध्ययन पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधिमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययनमा जयपृथ्वीबहादुर सिंहको जीवनीमा स्रोतका आधारमा मौलिक शब्दहरूको बाहुल्यता रहेको, इमानसिंह चेमजोङ र नेल्सन मण्डेलाको जीवनीमा तत्सम शब्दहरू केही बढी भएको, खण्डगत वितरण उपयुक्त नरहेको, नाम वर्गका शब्दहरू अधिक रहे पनि निपात र विस्मयादिबोधक शब्दहरू न्यून रहेको निष्कर्ष निकालिएको छ ।

रानामगर (२०७२) द्वारा 'कक्षा - ८ को नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधामा समाविष्ट शब्दभण्डारको अध्ययन' शीर्षकमा शोध कार्य भएको पाइन्छ । शब्दहरूलाई स्रोत, पदवर्ग, बनोट र आवृत्तिका आधारमा वर्गीकरण गर्ने उद्देश्यमा केन्द्रित

रहेको उक्त अध्ययनमा गुणात्मक ढाँचाको पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । कक्षा - ८ को निबन्ध विधामा 'प्रकृति र वातावरण' र 'कम्प्युटर र इन्टरनेट' निबन्धमा 'ग्रन्थचित्र' र 'नेपाली संस्कृति' निबन्धमा भन्दा तत्सम शब्दको बाहुल्य रहेको, शब्दगत वितरण उपयुक्त नरहेको, नाम वर्गका शब्द अधिक रहे पनि निपात र विस्मयादिबोधक शब्दहरू न्यून रहेको निष्कर्ष निकालिएको छ ।

खनाल (२०७४) द्वारा 'कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोध कार्य गरिएको पाइन्छ । प्रस्तुत अध्ययन कक्षा दसको निबन्ध विधामा समाविष्ट शब्दहरूको स्रोत, पदवर्ग, बनोट प्रक्रिया, गणना र आवृत्ति पत्ता लगाउने उद्देश्यमा केन्द्रित रहेको छ । गुणात्मक ढाँचाको पुस्तकालयीय तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको उक्त अध्ययनमा कक्षा दसको निबन्ध विधामा तद्भव शब्द बढी प्रयोग भएको, तद्भव शब्दका तुलनामा तत्सम शब्द कम प्रयोग भएको, आगन्तुक शब्दहरूको सङ्ख्या ज्यादै कम रहेको र वर्गका दृष्टिले विस्मयादिबोधक शब्दको प्रयोग ज्यादै न्यून रहेको निष्कर्ष निकालिएको छ ।

सुवेदी (२०७५) द्वारा 'कक्षा नौ(९) को नेपाली पाठ्यपुस्तकमा रहेका कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन' शीर्षकमा शोध कार्य भएको पाइन्छ । प्रस्तुत अध्ययन शब्दहरूको स्रोत, पदवर्ग र बनोट पत्ता लगाउने र शब्दहरूको गणना गरी आवृत्ति निर्धारण गर्ने उद्देश्यमा केन्द्रित रहको छ । गुणात्मक ढाँचाको पुस्तकालयीय विधिको प्रयोग गरिएको उक्त अध्ययनमा कक्षा नौका कविताहरूमा तद्भव शब्दका तुलनामा तत्सम शब्दको कम प्रयोग रहेको, तत्सम र तद्भव शब्दको अनुपातमा आगन्तुक शब्दको प्रयोग अझै कम रहेको, वर्गका दृष्टिले संयोजक र विस्मयादिबोधक शब्दहरूको प्रयोग ज्यादै कम रहेको र निपात शब्दहरूको प्रयोग नभएको निष्कर्ष निकालिएको छ ।

उपर्युक्त शोधशीर्षकहरूलाई हेर्दा शब्दभण्डारसँग सम्बन्धित निबन्ध र कथा विद्याको अध्ययन तर कविता विद्याको अध्ययन भने नभएको पाइयो । प्रस्तुत शोधकार्य पाठ्यक्रम विकास केन्द्रद्वारा वि. सं. २०७४ देखि लागु गरिएको कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन रहेको हुनाले माथि उल्लिखित शोधकार्यभन्दा भिन्न रहेको छ ।

## २.३ पुनरवलोकनको उपादेयता

सम्बन्धित शोधकार्यहरूको पुनरवलोकन गर्दा शब्दभण्डारको अध्ययनमा नै आधारित रहेकाले शब्दको स्रोत, पदवर्ग, बनोट प्रक्रिया र आवृत्तिको कसरी विश्लेषण गर्ने भन्ने विषयमा यिनको सहयोगी भूमिका रहेको छ ।

शब्दभण्डार शिक्षण भाषिक सिप शिक्षणसँग सम्बन्धित भएकाले व्यवहारवादी सिद्धान्तका अवधारणाहरू अभ्यास र पुनरावृत्ति, प्रयत्न र भुल, बानी निर्माण, जस्ता पक्षहरू सिकाइका लागि आवश्यक हुन्छन् । यसर्थ सैद्धान्तिक साहित्यले यस शोधकार्यलाई पूर्ण रूपमा सहयोग पुऱ्याएको छ ।

सम्बन्धित शोधकार्यहरू कथा र निबन्ध विधामा प्रयुक्त शब्दभण्डारको अध्ययनसँग सम्बन्धित रहेको पाइन्छ तर यस शोधकार्यमा कविता विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन गरिएको छ ।

## २.४ सैद्धान्तिक ढाँचा

भाषाको शिक्षण एवम् सिकाइका सन्दर्भमा व्यवहारवादी सिकाइ सिद्धान्तको उपयोग गरी अभ्यास र पुनरावृत्तिलाई जोड दिँदा विद्यार्थीहरूमा शब्दभण्डार क्षमताको वृद्धि गर्न सकिन्छ ।

व्यवहारवाद मनोविज्ञानको एउटा छुट्टै विचारको विद्यालय हो । जसका प्रणेता जे. वि. वाटसनलाई मानिन्छ । यस वादले मानसिक तत्त्व वा घटना एवम् चेतनाको अध्ययनलाई पूर्णतया तिरस्कार गर्दछ । किनकि त्यस्ता प्रक्रियालाई प्रत्यक्ष रूपमा लेखाजोखा, अवलोकन तथा वैज्ञानिक ढङ्गले व्याख्या गर्न सकिँदैन । वाट्सनका बुझाइमा मनोविज्ञान वैज्ञानिक हुनलाई त्यस्ता विषयवस्तुहरूको आवश्यकता पर्दछ जसलाई विश्वसनीय किसिमले मापन गर्न सकिने र तिनीहरूमा पर्याप्त स्थिरता पाइनु पर्दछ । (भट्टराई, २०६९ : २५१)

व्यवहारवादी सिकाइ सिद्धान्तअन्तर्गत रुसी मनोवैज्ञानिक इभान पेट्रेविक प्यावलवको शास्त्रीय सिकाइ सिद्धान्त, अमेरिकन मनोवैज्ञानिक बि.एफ. स्किनरको कार्यपरक सम्बन्ध प्रत्यावर्तन सिकाइ सिद्धान्त र अर्को अमेरिकन मनोवैज्ञानिक एडवार्ड लि.थर्नडाइकद्वारा प्रतिपादित प्रयत्न र भुल सिकाइ सिद्धान्त प्रमुख रहेका छन् ।

स्वाभाविक प्रतिक्रिया उत्पन्न गराउने उद्दीपकसँग अस्वाभाविक उद्दीपकको बारम्बारको प्रस्तुतीकरणबाट अस्वाभाविक उद्दीपक र प्रतिक्रियाबीच सम्बन्ध निर्माण हुनु Pavlov को शास्त्रीय सम्बन्धन हो । (भट्टराई, २०६८ : १६४)

शिक्षण गर्ने विषयलाई स-सानो अंशमा विभाजन गरी सरलबाट जटिल क्रममा मिलाई तत्काल पुनर्बल उपलब्ध गराउने प्रबन्धसहित सिकारु आफैंले सिक्न सक्ने गरी तयार पारिएको शिक्षण कार्यक्रमलाई नै कार्यक्रमबद्ध शिक्षण भनिन्छ । स्किनर (Skinner)को सिद्धान्तको सबभन्दा प्रभावकारी उपयोग कार्यक्रमबद्ध शिक्षण हो । (भट्टराई, २०६९ : २६३)

प्यावलवले भोकाएको कुकुरलाई र्‍यालग्रन्थिको अप्रेसन गरी र्‍याल नाप्ने व्यवस्था गरेर कुकुरलाई थुनेर पहिले घण्टी बजाएर खाना दिन्थे । पछि पछि घण्टी बज्ने बित्तिकै र्‍याल चुहाउन थाल्यो । पहिला पहिला भने खाना देखेपछि मात्रै र्‍याल चुहाउने गर्दथ्यो । यसबाट सिकाइ बानी निर्माण हो भन्ने पुष्टि हुन्छ । भाषा सिकाइमा पनि विद्यार्थीहरूमा बानी निर्माणको आवश्यकता पर्दछ ।

स्किनरले भित्र एक प्रकारको डन्डी वा छेस्किनी राखेर त्यसलाई थिच्नेबित्तिकै खानेकुराको एक टुक्रा तल राखिएको किस्तीमा खस्ने व्यवस्था मिलाई भोकाएको मुसोलाई त्यहाँभित्र राखेर प्रयोग गरेका थिए । खानाको खोजीमा यताउति दगुर्दा दगुर्दै अञ्जानमा छेस्किनी थिचिएर खानेकुरा प्राप्त गर्दै जाँदा पछि छेस्किनी थिचेर खानेकुरा खान मुसो अभ्यस्त बन्यो । सिकारुले जति बढी अभ्यास गर्‍यो त्यति नै सिकाइमा अभ्यस्त हुने कुरा यस प्रयोगबाट पुष्टि भएको छ । भाषा सिकाइमा पनि सिकारुले जति बढी अभ्यास गर्‍यो त्यति नै सिकाइ प्रभाबकारी बन्दछ ।

थर्नडाइकले एउटा भोकाएको बिरालोलाई पजल बक्समा थुनेर बाहिर देखिने गरी खानेकुरा राखेका थिए । बाकसको ढोका त्यसभित्रको एउटा छेस्किनी थिच्दा खुल्थ्यो । बाहिरको खानेकुरा प्राप्त गर्नका लागि पजल बक्सभित्र घुम्ने, उफ्रने, नङ्ग्र्याउने, कराउने जस्ता अनेकौं प्रयास गर्दागर्दै अचानक खुट्टाको पन्जाले छेस्किनी थिचिन पुगी ढोका खुल्छ र खानेकुरा प्राप्त गर्न सफल हुन्छ । 'प्रयत्न र भुल' ले सिकाइमा प्रगतिका लागि मार्गदर्शन गर्छ भन्ने कुरा यस प्रयोगबाट पुष्टि हुन्छ । यसर्थ भाषा सिकाइमा सिकारुले जति बढी प्रयत्न र भुल गर्छन् त्यति नै सिकाइ प्रभावकारी बन्दछ ।

तसर्थ भाषा शिक्षणका क्षेत्रमा व्यवहारवादी सिद्धान्तको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यसले सिकारुमा 'गरेर सिक्ने' बानीको विकास गर्नुका साथै निरन्तर अभ्यास गराउँदै शब्दभण्डार क्षमताको विकासमा सहयोग पुऱ्याउँछ ।

## २.५ अवधारणात्मक ढाँचा

प्रस्तुत शोध अध्ययनको अवधारणात्मक ढाँचा निम्नअनुसार रहने छ :



# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

अध्ययन विधि भन्नाले अध्ययययनका क्रममा प्रक्रियागत रूपमा प्रयोगमा ल्याउने विधि हो । अनुसन्धान एक विशिष्ट र व्यवस्थित योजनाबद्ध साथ गरिएको तथ्यहरूको वास्तविक सत्य तथ्यको खोजी हो । अध्ययन अनुसन्धान विश्वसनीयता, वैधता र प्रभावकारिता कायम गर्नका लागि अध्ययन विधि र प्रक्रियाले विशेष भूमिका निर्वाह गर्दछ । प्रस्तुत शोधकार्यलाई औपचारिक र व्यवस्थित ढङ्गबाट अगाडि बढाउन निम्नअनुसारको अध्ययन विधि र प्रक्रिया अपनाइएको छ :

## ३.१ अध्ययनको ढाँचा

शोधकार्य एक व्यवस्थित कार्य भएको हुँदा यसलाई सफल बनाउनका लागि उपयुक्त अध्ययन ढाँचाको आवश्यक पर्दछ । तसर्थ यस शोध कार्यका लागि गुणात्मक ढाँचाको पुस्तकालयीय तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

शब्दभण्डार भन्नाले व्यक्तिको मस्तिष्कमा भएको शब्दढुकुटी भन्ने बुझिन्छ । अर्थात् व्यक्तिमा सङ्गृहीत शब्दगत क्षमतालाई शब्दभण्डार क्षमता भनिन्छ । शब्दभण्डार अन्तर्गत शब्दको बनोट प्रक्रिया (मूल शब्द र व्युत्पन्न शब्द (सर्ग, समास र द्वित्व प्रक्रिया), स्रोत ( तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली), वर्ग (नामपद, सर्वनामपद, विशेषणपद, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक र निपात) आदिको अध्ययन गरिन्छ । प्रस्तुत शोधकार्यमा शब्दमा यिनै पक्षहरूको आधारमा विस्तृत अध्ययन गरिएको छ । कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कविताहरू नै यस अध्ययनको अध्ययन क्षेत्र रहेका छन् ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका

शोधकार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सम्पन्न गर्न विषयवस्तुसँग सम्बन्धित विविध सामाग्रीहरूको प्रयोग गर्नुपर्ने हुन्छ । ती सामाग्रीहरूको सङ्कलन गर्न विभिन्न विधि तथा पद्धतिको अवलम्बन गर्नुपर्ने हुन्छ । तसर्थ यस शोध प्रस्तावको सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ ।

### क) प्राथमिक सामग्री

प्रस्तुत शोध कार्यका लागि कक्षा - १० को नेपाली पाठ्यपुस्तकको कविता विधामा समाविष्ट शब्दभण्डारको अध्ययनमा केन्द्रिक रहने हुनाले कक्षा - १० को नेपाली पाठ्यपुस्तक र माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रमलाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ ।

### ख) सहायक/गौण/द्वितीय सामग्री

प्रस्तुत अध्ययनमा नेपाली बृहत् शब्दकोश, विभिन्न शब्दभण्डारसँग सम्बन्धित विभिन्न शोधपत्रहरू, विभिन्न प्रकाशित लेख रचना, पुस्तक पत्रपत्रिका, तथा शोध निर्देशक र अन्य व्यक्तिहरूका सल्लाह सुझावहरूलाई सहायक/गौण/द्वितीय सामग्रीको रूपमा लिई प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्य कक्षा - १० को नेपाली पाठ्यपुस्तकमा रहेका कविता विधामा प्रयोग भएका शब्दहरूको विश्लेषण गर्नमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययन मूल रूपमा पुस्तकालयीय र आंशिक रूपमा प्रयोगात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा कक्षा - १० को पाठ्यपुस्तकसँग सम्बन्धित शब्दकोश, पाठ्यक्रमसँग सम्बन्धित विभिन्न लेख रचनाहरू आदिलाई गौण स्रोतका रूपमा लिइएको छ र पाठ्यपुस्तकमा कविता विधामा समाविष्ट शब्दहरूको सङ्कलन गरी तिनको स्रोत, वर्ग, बनोट र आवृत्तिका आधारमा विश्लेषण गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया

प्रस्तुत शोधकार्यका लागि पुस्तकालयीय विधिको उपयोग गरी स्रोतका आधारमा सङ्कलन गरिएका शब्दहरूको अध्ययन तथा विश्लेषण गर्ने क्रममा वर्णनात्मक, विश्लेषणात्मक एवम् व्याख्यात्मक विधिको प्रयोग गरिएको छ ।

# अध्याय - चार

# व्याख्या र विश्लेषण

## ४.१ परिचय

शब्द भाषाको परिचय हो ।भाषिक अभिव्यक्तिको न्युनतम आधारभूत एकाइ शब्द हो । भाषामा विभिन्न प्रकारका शब्दहरू हुन्छन् । तिनै शब्दहरूको पदवर्ग, स्रोत, बनोट र आवृत्ति आदिका आधारमा गरिने शिक्षणलाई शब्दभण्डार शिक्षण भनिन्छ ।

भाषा पाठ्यपुस्तकमा राखिने शब्दभण्डार मूलतः स्तर अनुकूल र विद्यार्थीको पूर्वशैक्षणिक अनुभवमा आधारित हुनुपर्छ । भाषा पाठ्यपुस्तकका रुपमा प्रारम्भिक कक्षाका पाठ्यपुस्तकमा नियन्त्रित शब्दभण्डारको प्रयोग हुनु आवश्यक छ । प्राथमिक तहका भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठमा बढीमा दसबाह्र भन्दा बढी नयाँ शब्द राखिनु उपयुक्त हुँदैन । नयाँ शब्दहरूको पुनरावृत्ति अघिल्ला पाठहरूमा हुनुपर्दछ । भाषा पाठ्यपुस्तकमा तद्भव शब्दहरूका आधारमा तत्सम शब्दहरू सिकाउन मिल्ने किसिमका हुनुपर्छ । भाषा पाठ्यपुस्तकमा ८०% तल्लो कक्षाहरूमा प्रयोग भइसकेका शब्दहरू नै प्रयोग गर्नुपर्दछ । २०% नयाँ शब्दहरू यथास्थान प्रयोग गर्नु पर्दछ । नयाँ शब्दभण्डारको वितरण सबै पाठहरूमा समानुपातिक ढङ्गबाट गरिनु पर्दछ । कोही पाठहरूमा आवश्यकताभन्दा बढी नयाँ शब्दहरू राख्ने र केहीमा एउटा पनि नयाँ शब्द नराख्ने गर्नुहुँदैन । प्राविधिक पारिभाषिक श्रुतिसमभिन्नार्थक शब्द, पर्यायवाची शब्द, अनेकार्थी शब्दहरू स्तर र आवश्यकता अनुसार सहज र बोधात्मक वाक्य रचना प्रयोग गर्नु उपयुक्त हुन्छ ।(ढुङ्गेल र दाहाल, २०६५ : १७१)

कक्षा-१० को नेपाली पाठ्यपुस्तकमा जम्मा ३ वटा कविताहरू समावेश गरिएको पाइन्छ ।  यस अध्ययनमा तीन ओटै कवितामा प्रयुक्त शब्दहरूलाई वर्णानुक्रम अनुसार राखी तिनको स्रोत, पदवग, आवृत्ति र बनोट तथा अनुपातको पहिचान गरी तिनलाई तालिकाद्वारा व्याख्या विश्लेषण गरिएको छ ।

## ४.२ 'सन्तुष्टि' कवितामा प्रयुक्त शब्दभण्डारको विश्लेषण

सन्तुष्टि कविताअनुष्टुप छन्दमा रचित एक पद्य कविता हो ।यसका रचनाकार भरतराज पन्त हुन् । नमस्कार कविता संग्रह, २०४६ बाट साभार गरिएको यस कवितामा मानिसले सन्तुष्टि प्राप्त गर्ने तरिकाको वारेमा चर्चा गरिएको छ । मानिसले आफूले एक पेट खान, एक जोर लाउन र घाम पानी ओत्ने ठाउँमा बस्न मात्रै पाउँदा पनि सन्तुष्ट हुनुपर्छ भन्ने सन्देश यस कवितामा व्यक्त भएको पाइन्छ । 'सन्तुष्टि' कवितामा प्रयुक्त शब्दहरूलाई वर्णानुक्रममा राखी तिनको पदवर्ग, स्रोत, बनोट र आवृत्तिलाई तालिकाद्वारा व्याख्या विश्लेषण गरिएको छ ।

| क.सं. | शब्द | पदवर्ग | स्रोत | वनोट | आवृत्ति |
|---|---|---|---|---|---|
| १ | अडेको | क्रिया | तद्भव | अड्+एको | |
| २ | अन्याय | नाम | तत्सम | अ+नि+आय | |
| ३ | अर्काको | विशेषण | तद्भव | अर्का+को | |
| ४ | अर्को | विशेषण | तद्भव | अरू+को | २ |
| ५ | आँखा | नाम | तद्भव | | २ |
| ६ | आत्तिने | विशेषण | तद्भव | आतस+इ+ने | |
| ७ | आफैँ | सर्वनाम | तद्भव | आफू+नै | |
| ८ | आफ्नो | विशेषण | तद्भव | आफू+नो | |
| ९ | इलमी | विशेषण | आगन्तुक | इलम+ई | |
| १० | उपकार | नाम | तत्सम | उप+कार | |
| ११ | एउटै | विशेषण | तद्भव | एक+ओटै | |
| १२ | एक | विशेषण | तत्सम | | २ |
| १३ | एकै | विशेषण | तद्भव | एक+ऐ | |
| १४ | ओत्न | क्रियाविशेषण | तद्भव | ओत+न | |
| १५ | कट्कटाउनु | क्रियापद | तद्भव | कट्+कट्+आउ+नु | |
| १६ | कर | नाम | तत्सम | | |
| १७ | कसले | सर्वनाम | तद्भव | को+ले | |
| १८ | कान | नाम | तद्भव | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | काम | नाम | तद्भव | | ३ |
| २० | कुनै | सर्वनाम | तद्भव | कुन+ऐ | |
| २१ | कुरा | नाम | तद्भव | | |
| २२ | खाँचो | नाम | तद्भव | | |
| २३ | खाएर | क्रियाविशेषण | तद्भव | खा+एर | |
| २४ | खाने | विशेषण | तद्भव | खा+ने | |
| २५ | खोलोस् | क्रियापद | तद्भव | खोल्+ओस् | |
| २६ | खोसेमा | क्रियाविशेषण | तद्भव | खोस्+ए+मा | |
| २७ | ख्यालले | नाम | आगन्तुक | | |
| २८ | गति | नाम | तत्सम | गम्+ति | |
| २९ | गम्म | क्रियाविशेषण | तद्भव | गम्+म | |
| ३० | गर्ने | विशेषण | तद्भव | गर्+ने | |
| ३१ | गिलासको | विशेषण | आगन्तुक | गिलास+को | |
| ३२ | घाम | नाम | तद्भव | | |
| ३३ | घुस | नाम | तद्भव | घुस्+अ | |
| ३४ | चल्छ | क्रियापद | तद्भव | चल्+छ | |
| ३५ | चाहन्नँ | क्रियापद | तद्भव | चाह+न | २ |
| ३६ | चाहिन्न | क्रियापद | तद्भव | चाह+इ+न | |
| ३७ | चिनोस् | क्रियापद | तद्भव | चिन+ओस् | |
| ३८ | चेतना | नाम | तत्सम | चेतन+आ | |
| ३९ | चैन | नाम | आगन्तुक | | |
| ४० | छ | क्रियापद | तद्भव | | ५ |
| ४१ | छटपटाउनु | क्रियापद | तद्भव | छट्पट्+आउ+नु | |
| ४२ | छन् | क्रियापद | तद्भव | | २ |
| ४३ | छली | क्रियाविशेषण | तद्भव | छल्+ई | |
| ४४ | छुँदैन | क्रियापद | तद्भव | छु+दै+न | |
| ४५ | छैन | क्रियापद | तद्भव | छ+होइन | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | जगत् | नाम | तत्सम | | |
| ४७ | जनता | नाम | तत्सम | जन+त+आ | |
| ४८ | जनार्दन | नाम | तत्सम | जन+अर्द+अन | |
| ४९ | जमिन | नाम | आगन्तुक | | |
| ५० | जाँगरै | नाम | तद्भव | जाँगर+ऐ | |
| ५१ | जानेर | क्रियाविशेषण | तद्भव | जान्+एर | |
| ५२ | जिभ्रो | नाम | तद्भव | | |
| ५३ | जीवनको | विशेषण | तद्भव | जीवन+को | |
| ५४ | जोरै | विशेषण | तद्भव | जोर+ऐ | |
| ५५ | झुपडी | नाम | तद्भव | | |
| ५६ | टम्म | क्रियाविशेषण | अनुकरण मूल | टम्+म | |
| ५७ | डाँका | नाम | तद्भव | | |
| ५८ | त | निपात | तद्भव | | |
| ५९ | तनले | नाम | तद्भव | | |
| ६० | तल | नाम | तत्सम | | |
| ६१ | तातोस् | क्रियापद | तद्भव | तातो+ओस् | |
| ६२ | तिन | विशेषण | तद्भव | | |
| ६३ | त्यसैले | क्रियाविशेषण | तद्भव | त्यसो+नै+ले | २ |
| ६४ | दन्तको | विशेषण | तद्भव | दन्त+को | |
| ६५ | दुःख | नाम | तत्सम | | २ |
| ६६ | दुइटा | विशेषण | तद्भव | दुई+ओटा | |
| ६७ | दुइटै | विशेषण | तद्भव | दुई+ओटै | |
| ६८ | दुई | विशेषण | तद्भव | | |
| ६९ | दुर्गन्ध | नाम | तत्सम | दुर्+गन्ध | |
| ७० | दुवैतिर | क्रियाविशेषण | तद्भव | दुवै+तिर | ३ |
| ७१ | धन | नाम | तत्सम | धा+अन | |
| ७२ | धनी | विशेषण | तत्सम | धन+ई | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७३ | नखाई | क्रियाविशेषण | तद्भव | न+खाई | |
| ७४ | नगरे | क्रियापद | तद्भव | न+गरे | |
| ७५ | नजाओस् | क्रियापद | तद्भव | न+जाओस् | |
| ७६ | नयाँ | विशेषण | तद्भव | | २ |
| ७७ | नाकका | विशेषण | तद्भव | नाक+का | |
| ७८ | निस्कोस् | क्रियापद | तद्भव | निस्की+ओस् | |
| ७९ | नै | निपात | तद्भव | | ३ |
| ८० | नोकर | नाम | आगन्तुक | | |
| ८१ | परीक्षामा | नाम | तत्सम | परि+ईक्षा+मा | |
| ८२ | परे | क्रियापद | तद्भव | पर्+ए | |
| ८३ | पाउको | विशेषण | तद्भव | पाउ+को | |
| ८४ | पानी | नाम | तद्भव | | |
| ८५ | पापी | नाम | तत्सम | पाप+ई | |
| ८६ | पूजा | नाम | तत्सम | पूज्+आ | |
| ८७ | पृथिवी | नाम | तद्भव | पृथिव+ई | |
| ८८ | पेटै | नाम | तद्भव | पेट+ऐ | |
| ८९ | प्रशस्त | विशेषण | तत्सम | प्र+शंस्+त | |
| ९० | प्वालले | नाम | तद्भव | | |
| ९१ | फगत् | क्रियाविशेषण | आगन्तुक | | |
| ९२ | फल | नाम | तत्सम | | |
| ९३ | बत्तिस | विशेषण | तद्भव | | |
| ९४ | बन्न | क्रियाविशेषण | तद्भव | बन्+न | |
| ९५ | बलले | नाम | तत्सम | | |
| ९६ | बुद्धिले | नाम | तत्सम | बुध्+ति+ले | |
| ९७ | भर | नाम | तद्भव | | |
| ९८ | भाग | नाम | तत्सम | भज्+अ | |
| ९९ | म | सर्वनाम | तद्भव | | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०० | मग्नमस्त | विशेषण | आगन्तुक | मग्न+मस्त | |
| १०१ | मनले | नाम | तद्भव | | |
| १०२ | ममता | नाम | तत्सम | मम+त+आ | |
| १०३ | मर्म | नाम | तत्सम | मृ+मन् | |
| १०४ | माता | नाम | तत्सम | मान्+तृ | |
| १०५ | मात्तिने | विशेषण | तद्भव | मात+इ+ने | |
| १०६ | मात्र | क्रियाविशेषण | तत्सम | मा+त्र | |
| १०७ | मिजासको | विशेषण | आगन्तुक | मिजास+को | |
| १०८ | मित्रताको | विशेषण | तद्भव | मित्र+ता+को | |
| १०९ | मोचन | नाम | तत्सम | मुच्+अन | |
| ११० | यति | विशेषण | तद्भव | यो+ति | |
| १११ | यतिले | विशेषण | तद्भव | यो+ति+ले | |
| ११२ | यसैभित्र | क्रियाविशेषण | तद्भव | यस+ऐ+भित्र | २ |
| ११३ | यी | विशेषण | तद्भव | यो+ई | |
| ११४ | रचना | नाम | तत्सम | रच्+अन+आ | |
| ११५ | रामरी | क्रियाविशेषण | तद्भव | राम्रो+गरी | |
| ११६ | रे | निपात | तद्भव | | ४ |
| ११७ | लाउने | विशेषण | तद्भव | लाउ+ने | २ |
| ११८ | लाञ्छनाले | नाम | तद्भव | लाञ्छ्+अन+आ+ले | |
| ११९ | लोभीको | विशेषण | तद्भव | लोभ+ई+को | |
| १२० | विलासको | विशेषण | तद्भव | वि+लस्+अ+को | |
| १२१ | संसार | नाम | तत्सम | सम्+सार | |
| १२२ | सके | क्रियापद | तद्भव | सक्+ए | २ |
| १२३ | सञ्चिता | नाम | तत्सम | सम्+चि+त+आ | |
| १२४ | सदा | क्रियाविशेषण | तत्सम | सर्व+दा | |
| १२५ | सन्नुपर्छ | क्रियापद | तद्भव | सुन+नु+पर्+छ | |
| १२६ | समेटी | क्रियाविशेषण | तद्भव | समेट+ई | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२७ | सम्पत्ति | नाम | तत्सम | सम्+पत्+ती | |
| १२८ | सर्वत्र | क्रियाविशेषण | तत्सम | सर्व+त्र | |
| १२९ | सार | नाम | तत्सम | सृ+अ | |
| १३० | सारा | विशेषण | तद्भव | | |
| १३१ | सिर्जना | नाम | तद्भव | सिर्जन+आ | |
| १३२ | सीमा | नाम | तत्सम | | |
| १३३ | सुगन्ध | नाम | तत्सम | सु+गन्ध | |
| १३४ | सुत्नलाई | क्रियाविशेषण | तद्भव | सुत्+न+लाई | |
| १३५ | सृष्टिमा | नाम | तत्सम | सृज्+ति+मा | |
| १३६ | स्रष्टाको | विशेषण | तद्भव | स्रष्टा+को | |
| १३७ | स्वर्ग | नाम | तत्सम | सु+अर्ज्+अ | |
| १३८ | स्वाद | नाम | तत्सम | स्वद्+अ | |
| १३९ | स्वावलम्बी | नाम | तत्सम | स्व+अवलम्बी | |
| १४० | हात | नाम | तद्भव | | |
| १४१ | हातैको | विशेषण | तद्भव | हात+ऐ+को | |
| १४२ | हाम्रा | विशेषण | तद्भव | हामी+रा | २ |
| १४३ | हुँदैन | क्रियापद | तद्भव | हु+दै+न | २ |
| १४४ | हुन | क्रियाविशेषण | तद्भव | हु+न | २ |
| १४५ | हुन्छु | क्रियापद | तद्भव | हु+छु | २ |
| १४६ | हेर्नुपर्छ | क्रियापद | तद्भव | हेर्+नु+पर्+छ | |
| १४७ | हो | क्रियापद | तद्भव | | ४ |
| १४८ | होइन | क्रियापद | तद्भव | हो+इन | २ |

### ४.२.१ पदवर्गका आधारमा शब्दहरूको विश्लेषण

**क) नाम**

अन्याय, आँखा, उपकार, कर, कान, काम, कुरा, खाँचो, ख्याल, गति, घाम, घुस, चेतना, चैन, जगत, जनता, जनार्दन, जमिन, जाँगरै, जिभ्रो, झुपडी, डाँका, तन, तल, दुःख,

दुर्गन्ध, धन, नोकर, परीक्षा, पानी, पानी, पापी, पूजा, पृथिवी, पेटै, प्वाल, फल, बल, बुद्धि, भर, भाग, मन, ममता, मर्म, माता, मोचन, रचना, लाञ्छना, संसार, सञ्चिता, सम्पत्ति, सार, सिर्जना, सीमा, सुगन्ध, सृष्टि, स्वर्ग, स्वाद, स्वाबलम्बी, हात

**ख) सर्वनाम**

आफैँ, कसले, कुनै, म

**ग) विशेषण**

अर्काको, अर्को, आत्तिने, आफ्नो, इलमी, एउटै, एक, एकै, खाने, गर्ने, गिलासको, जीवनको, जोरै, तीन, दन्तको, दुइटा, दुइटै, दुई, धनी, नयाँ, नाकका, पाउको, प्रशस्त, बत्तिस, मग्नमस्त, मात्तिने, मिजासको, मिजासको, मित्रताको, यति, यतिले, यी, लाउने, लोभीको, विलासको, सारा, स्रष्टाको, हातैको, हाम्रा

**घ)क्रियापद**

अडेको, कटकटाउनु, खोलोस्, चल्छ, चाहन्नँ, चाहिन्न, चिनोस्, छ, छटपटाउनु, छन्, छुँदैन, छैन, तातोस्, नगरे, नजाओस्, निस्कोस्, परे, सके, सुन्नुपर्छ, हुँदैन, हुन्छु, हेर्नुपर्छ, हो, होइन

**ङ)क्रियाविशेषण**

ओत्न, खाएर, खोसेमा, गम्म, छली, जानेर, टम्म, त्यसैले, दुवैतिर, नखाई, फगत्, बन्न, मात्र, यसैभित्र, राम्ररी, सदा, समेटी, सर्वत्र, सुत्नलाई, हुन

**च)निपात**

त, नै, रे

प्रस्तुत कवितामा २८ पाउ ७ श्लोक रहेको छ । यसमा १४८ वटा शब्दहरू प्रयोग भएको पाइन्छ । पदवर्गका आधारमा कवितामा नाम शब्द ५९, सर्वनाम शब्द ४, विशेषण शब्द ३८, क्रिया शब्द २४, क्रियाविशेषण शब्द २०, र निपात शब्द ३ वटा रहेका पाइन्छन् भने नामयोगी, विस्मयादिबोधक र संयोजक शब्दको प्रयोग भएको पाइँदैन ।

प्रस्तुत कवितामा उल्लेख भएका शब्दहरूको शब्दवर्गका आधारमा गरिएको वर्गीकरणलाई तलको तालिकामा थप प्रस्ट पारिएको छ ।

तालिका नं. १ 'सन्तुष्टि' कवितामा पदवर्गका आधारमा शब्दहरूको विश्लेषण

| **क.सं.** | **पदवर्ग** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | नाम | ५९ | ३९.८६ |
| २ | सर्वनाम | ४ | २.७० |
| ३ | विशेषण | ३८ | २५.६८ |
| ४ | क्रियापद | २४ | १६.२२ |
| ५ | क्रियाविशेषण | २० | १३.५१ |
| ६ | निपात | ३ | २.०३ |
| | जम्मा | १४८ | १००.०० |

स्रोत : कक्षा दसको नेपाली पाठ्यपुस्तक

माथिको तालिकालाई विश्लेषण गर्दा प्रयुक्त शब्दहरूमध्ये सबैभन्दा बढी नाम वर्गका शब्दहरू रहेका छन् । जम्मा १४८ वटा शब्दमध्ये शब्द ५९ ओटा, ३९.८६ प्रतिशत नाम वर्गका शब्दहरूप्रयोग भएको देखिन्छ । त्यसपछि क्रमशः विशेषण वर्गका शब्दहरू ३८ ओटा, २५.६८ प्रतिशत, क्रिया वर्गका शब्दहरू २४ ओटा, १६.२२ प्रतिशत, क्रियाविशेषण वर्गका शब्दहरू २० ओटा १३.५१ प्रतिशत,सर्वनाम वर्गका शब्दहरू ४ ओटा, २.७० प्रतिशत र निपात वर्गका शब्दहरू ३ ओटा, २.०३ प्रतिशत प्रयोग भएको देखिन्छ । सबैभन्दा कम निपात वर्गका शब्द रहेका छन् भने नामयोगी र विस्मयादिबोधक वर्गका शब्दको प्रयोग भएको देखिँदैन ।




### ४.२.२ स्रोतका आधारमा शब्दहरूको विश्लेषण

**क) तत्सम शब्दहरू**

अन्याय, उपकार, एक, कर, गति, चेतना, जगत्, जनता, जनार्दन, तल, दुःख, दुर्गन्ध, धन, धनी, परीक्षा, पापी, पूजा, प्रशस्त, फल, बल, बुद्धि, भाग, ममता, मर्म, माता, मात्र, मोचन, रचना, संसार, सञ्चिता, सदा, सम्पत्ति, सर्वत्र, सार, सीमा, सुगन्ध, सृष्टि, स्वर्ग, स्वाद, स्वावलम्बी

**ख) तद्भव शब्दहरू**

अडेको, अर्काको, अर्को, आँखा, आत्तिने, आफैँ, आफ्नो, एउटै, एकै, ओत्न, कट्कटाउनु, कसले, कान, काम, कुनै, कुरा, खाँचो, खाएर, खाने, खोलोस्, खोसेमा, गम्म, गर्ने, घाम, घुस, चल्छ, चाहन्नँ, चाहिन्न, चिनोस्, छ, छट्पटाउनु, छन्, छली, छुँदैन, छैन, जाँगरै, जानेर, जिभ्रो, जीवनको, जोरै, झुपडी, डाँका, त, तन्, तातोस्, तिन, त्यसैले, दन्तको, दुइटा, दुइटै, दुई, दुवैतिर, नखाई, नगरे, नजाओस्, नयाँ, नाकका, निस्कोस्, नै, परे, पाउको, पानी, पृथिवी, पेटै, प्वाल, बत्तिस, बन्न, म, भर, मनले, मात्तिने, मित्रताको, यति, यतिले, यसैभित्र, यी, राम्ररी, रे, लाउने, लाञ्छना, लोभीको, विलासको, सके, सुन्नुपर्छ, समेटी, सारा, सिर्जना, सुत्नलाई, स्रष्टाको, हात, हातैको, हाम्रा, हुँदैन, हुन, हुन्छु, हेर्नुपर्छ, हो, होइन

**ग) आगन्तुक शब्दहरू**

इलमी, ख्यालले, गिलासको, चैन, जमिन, नोकर, फगत्, मग्नमस्त, मिजासको

**घ) अनुकरण मूल/झर्रा शब्दहरू**

टम्म

प्रस्तुत कवितामा प्रयुक्त शब्दहरूलाई विश्लेषण गर्दा स्रोतका आधारमा तत्सम, तद्भव, आगन्तुक र अनुकरण मूल अर्थात् झर्रा चारै स्रोतका शब्दहरू प्रयोग भएको पाइन्छ । जसअन्तर्गत तत्सम शब्दहरू ४० ओटा, तद्भव शब्दहरू ९८ ओटा, आगन्तुक शब्दहरू ९ ओटा र झर्रा शब्द एउटा रहेको पाइन्छ ।

तालिका नं. २ 'सन्तुष्टि' कवितामा स्रोतका आधारमा शब्दहरूको विश्लेषण

| **क.सं.** | **शब्द** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | तत्सम | ४० | २७.०३ |
| २ | तद्भव | ९८ | ६६.२२ |
| ३ | आगन्तुक | ९ | ६.०८ |
| ४ | अनुकरण मूल | १ | ०.६८ |
| | जम्मा | १४८ | १००.०० |

स्रोत : कक्षा दसको नेपाली पाठ्यपुस्तक

माथिको तालिकालाई विश्लेषण गर्दा जम्मा शब्दसङ्ख्या १४८ रहेको देखिन्छ । जसमध्ये सबैभन्दा बढी तद्भव शब्दहरू ९८ ओटा, ६६.२२ प्रतिशत रहेको पाइन्छ । त्यस्तै तत्समशब्दहरू ४० ओटा, २७.०३ प्रतिशत, आगन्तुक शब्दहरू ९ ओटा, ६.०८ प्रतिशत र अनुकरण मूल एउटा, ०.६८ प्रतिशत रहेको पाइन्छ ।

**४.२.३ बनोटका आधारमा शब्दहरूको विश्लेषण**

**क)मूल शब्दहरू**

आँखा, एक, कर, कान, काम, कुरा, खाँचो, ख्याल, घाम, चैन, छ, झन्, जगत्, जमिन, जिभ्रो, झुपडी, डाँका, त, तन्, तल, तिन, दुःख, दुई, नयाँ, नै, नोकर, पानी, प्वाल, फगत्, फल, बत्तिस, बल, बुद्धि, भर, भाग, म, मन, सारा, सीमा, हात, हो

**ख) व्युत्पन्न शब्दहरू**

अडेको, अन्याय, अर्काको, अर्को, आत्तिने, आफैँ, आफ्नो, इलमी, उपकार, एउटै, एकै, ओत्न, कटकटाउनु, कसले, कुनै, खाएर, खाने, खोलोस्, खोसेमा, गति, गम्म, गर्ने, गिलासको, घुस, चल्छ, चाहन्नँ, चाहिन्न, चिनोस्,चेतना, छट्पटाउनु, छली, छुँदैन, छैन,जनता, जनार्दन, जाँगरै, जानेर, जीवनको, जोरै, टम्म, तातोस्, त्यसैले, दन्तको, दुइटा, दुइटा, दुइटै, दुर्गन्ध, दुवैतिर,धन, धनी, नखाई, नगरे, नजाओस्, नाकका, निस्कोस्, परीक्षा, परे, पाउको, पापी, पूजा, पृथिवी, पेटै, प्रशस्त, बन्न, मग्नमस्त, ममता, मर्म, माता, मात्र,मात्तिने, मिजासको, मित्रताको,मोचन,  यति, यतिले, यसैभित्र,यी,रचना, राम्ररी, लाउने, लाञ्छना, लोभीको, विलासको, संसार, सके, सञ्चिता,सदा, सम्पत्ति, सार, समेटी, सर्वत्र, सिर्जना, सुगन्ध, सुत्नलाई,सुन्नुपर्छ,सृष्टि, स्रष्टा, स्वर्ग, स्वाद, स्वावलम्बी,हातैको, हाम्रा, हुँदैन, हुन, हुन्छु, हेर्नुपर्छ, होइन

प्रस्तुत कवितामा प्रयुक्त शब्दहरूलाई विश्लेषण गर्दा बनोटका आधारमा मूल शब्द र व्युत्पन्न शब्दको प्रयोग भएको पाइन्छ। जसअन्तर्गत मूल शब्दहरू ४० वटा र व्युत्पन्न शब्दहरू १०८ वटा प्रयोग भएको पाइन्छ।

तालिका नं. ३ 'सन्तुष्टि' कवितामा बनोटका आधारमा शब्दहरूको विश्लेषण

| क्र.सं. | शब्द | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मूल | ४० | २७.०३ |
| २ | व्युत्पन्न | १०८ | ७२.९७ |
| | जम्मा | १४८ | १००.०० |

स्रोत : कक्षा दसको नेपाली पाठ्यपुस्तक

माथिको तालिकालाई विश्लेषण गर्दा जम्मा शब्दसङ्ख्या १४८ रहेको देखिन्छ। उक्त शब्दहरू मध्ये मूल शब्दहरू ४० ओटा, २७.०३ प्रतिशत र व्युत्पन्न शब्दहरू १०८ ओटा,७२.९७ प्रतिशत रहेको पाइन्छ।

### ४.२.४ आवृत्तिका आधारमा शब्दहरूको विश्लेषण

**क) आवृत्त शब्दहरू**

अर्को, आँखा, एक, काम, चाहन्न, छ, ?छन्, छैन, त्यसैले, दुःख, दुवैतिर, नयाँ, नै, म, यसैभित्र, रे, लाउने, सके, हाम्रा, हुँदैन, हुन, हुन्छु, हो, होइन

**ख)अनावृत्त शब्दहरू**

अडेको, अन्याय, अर्काको, आत्तिने, आफैँ, आफ्नो, इलमी, उपकार, एउटै, एकै, ओत्न, कट्कटाउनु, कर, कसले, कान, कुनै, कुरा, खाँचो, खाएर, खाने, खोलोस्, खोसेमा, ख्यालले, गति, गम्म, गर्ने, गिलासको, घाम, घुस, चल्छ, चाहिन्न, चिनोस्, चेतना, चैन, छट्पटाउनु, छली, छुँदैन, जगत्, जनता, जनार्दन, जमिन, जाँगरै, जानेर, जिभ्रो, जीवनको, जोरै, झुपडी, टम्म, डाँका, त, तन, तल, तातोस्, तिन, दन्तको, दुइटा, दुइटै, दुई, दुर्गन्ध, धन, धनी, नखाई, नगरे, नजाओस्, नाकका, निस्कोस्, नोकर, परीक्षा, परे, पाउको, पानी, पापी, पूजा, पृथिवी, पेटै, प्रशस्त, प्वाल, फगत्, फल, बत्तिस, बन्न, बल, बुद्धि, भर, भाग, मग्नमस्त, मन, ममता, मर्म, माता, मात्तिने, मात्र, मिजासको, मित्रताको, मोचन, यति, यतिले, यी, रचना, राम्ररी, लाञ्छना, लोभीको, विलासको, संसार, सञ्चिता, सदा, सुन्नुपर्छ, समेटी, सम्पत्ति, सर्वत्र, सार, सारा, सिर्जना, सीमा, सुगन्ध, सुत्नलाई, सृष्टि, स्रष्टाको, स्वर्ग, स्वाद, स्वावलम्बी, हात, हातैको, हेर्नुपर्छ

प्रस्तुत कवितामा प्रयुक्त शब्दहरूलाई आवृत्ति र अनावृत्तिका आधारमा विश्लेषण गर्दा आवृत्त शब्दहरू २४ वटा र अनावृत्त शब्दहरू १२४ वटा रहेका पाइन्छन् ।

तालिका नं. ४ 'सन्तुष्टि' कवितामा आवृत्तिका आधारमा शब्दहरूको विश्लेषण

| क.सं. | शब्द | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आवृत्त | २४ | १६.२२ |
| २ | अनावृत्त | १२४ | ८३.७८ |
| | जम्मा | १४८ | १००.०० |

स्रोत : कक्षा दसको नेपाली पाठ्यपुस्तक

माथिको तालिकालाई विश्लेषण गर्दा जम्मा शब्दसङ्ख्या १४८ रहेको देखिन्छ जसमध्ये कवितामा प्रयुक्त शब्दहरूलाई आवृत्ति र अनावृत्तिका आधारमा विश्लेषण गर्दा आवृत्त शब्दहरू २४ वटा,१६.२२ प्रतिशत र अनावृत्त शब्दहरू १२४, ८६.७८ प्रतिशत रहेको पाइन्छन् ।

